# नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड

**NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LIMITED**

(राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

**केन्द्रीय कार्यालय, बनेपा-१०, काभ्रेपलाञ्चोक**

प.स.०८३/८४ मिति : २०८३/०५/११

च.नं. ३२२

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : स्वतन्त्र सञ्चालकको राजिनामा बारे जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालक श्री जमुना श्रेष्ठले आफ्नो स्वास्थ्य स्थिति लगाएत घरायसी जिम्मेवारीको कारण देखाउदै मिति २०८३/०४/२२ गते राजिनामा पेश गर्नुभएकोमा संस्थाको सञ्चालक समितिको मिति २०८३/०५/११ मा बसेको २१० औं बैठकद्वारा उहाँको राजिनामा स्वीकृत गर्ने निर्णय भएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

**बोधार्थ:**

१) श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, यूएनआई शान्तिमार्ग भद्रकाली, काठमाडौं ।

२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक काठमाडौ ।

३) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौ ।

भवदीय,

..........................

(तारा प्रसाद ढुंगाना)
कम्पनी सचिव

कम्पनी सचिव

**<u>नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको</u>**
**<u>सञ्चालक समितिको बैठक संख्या २१० औं को विवरण :</u>**

सञ्चालक समितिको मिति २०८३/०५/११ (तदनुसार २७ अगस्त २०२६) अपरान्ह ३:३० बजे बसेको बैठक सं.२१० औं को निर्णय उतार :

**प्रस्ताव नं.३ : <u>स्वतन्त्र सञ्चालकको राजिनामा सम्बन्धमा</u> ।**

प्रस्ताव नं. ३ मा रहेको स्वतन्त्र सञ्चालकको राजिनामा सम्बन्धमा छलफल हुँदा यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालक श्री जमुना श्रेष्ठले आफ्नो स्वास्थ्य स्थिति लगायत घरायसी जिम्मेवारीको कारण देखाउदै मिति २०८३/०४/२२ गते पेश गर्नुभएको राजिनामा बारे संस्थाका प्रमुख कार्यकारी अधिकृत राम बहादुर यादवले बैठकमा जानकारी गराउनु भयो । बैठकले उक्त ब्यहोरा जानकारीमा लिदै उहाँको स्वास्थ्य अवस्था र घरायसी जिम्मेवारीलाई ध्यानमा राखि निजको माग बमोजिम मिति २०८३/०४/२५ देखि नै लागु हुनेगरी प्रस्तुत राजिनामा स्वीकृत गर्ने निर्णय गरियो । साथै,उहाँले यस वित्तीय संस्थामा पूऱ्याउनु भएको सेवा प्रति आभार प्रकट गर्दै उहाँको स्वास्थ्य स्थिति लगाएत भावि जिवनको उत्तरोत्तर प्रगतिको कामना गर्ने निर्णय गरियो । त्यसैगरी,संस्थाद्वारा यस निर्णयबारे विभिन्न नियामक निकायहरुलाई जानकारी गराउनु पर्ने प्रावधान बमोजिम आजैको मितिमा सम्बन्धित निकायहरुलाई जानकारी गराउन ब्यवस्थापनलाई निर्देशन दिने निर्णय गरियो ।

<u>प्रमाणित गर्नेको</u>

छाप:

नाम: तारा प्रसाद ढुंगाना
पद: कम्पनी सचिव
मिति:२०८३/०५/११
कम्पनी सचिव